# नेपालगन्ज उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०४/१३ गते)**

**वडा नं.२० को तालहरुमा माछापालन कार्य भाडामा दिने सम्वन्धि सूचना ।**

यस नेपालगञ्ज उप–महानगरपालिकाको वडा न.२० स्थित सार्वजनिक जग्गाहरुमा रहेका तालहरु((मुनिया ताल,मरघटिया ताल,नहपुल,अमिला नाला)मा माछापालन कार्य गर्नको लागि तपसिलको शर्तका अधिनमा रहने गरि बढाबढमा ठेक्कामा लिन चाहाने ईच्छुक व्यक्ति,व्यवसायिक फर्महरुलाई १५(पन्ध्र) दिने शिलबन्दी निवेदन पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ, साथै प्रस्ताव स्वीकृत भएमा यस कार्यालयबाट अनिवार्यरुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिनुपर्नेछ ।

२.प्रस्ताव फारम दस्तुर रु.५००।-(फिर्ता नहुने गरी) तिरी कार्यालयबाट उपलब्ध हुनेछ ।

३. न्यूनतम वार्षिक भाडा रु.३०,०००।–(तीस हजार ।) हुनेछ ।

४. प्रस्ताव साथ यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग-३-४१३०१००३०३००००००२ मा रु.३०,०००।–(तीस हजार मात्र।) रकम जम्मा गरी सक्कल भौचर समेत पेश गर्नुपर्नेछ ।

५. सम्झौता अवधि सम्झौता भएको मितिले **५** वर्षको हुनेछ ।

६. भाडा रकम हरेक २/२ वर्षमा १० प्रतिशतले वृद्धि हुनेछ ।

७. कवोल अंक रकम सम्झौता हुनुअघि नै बुझाउनुपर्नेछ । बाँकी किस्ता/अवधिको भाडा रकम सो अवधिको अग्रिम रुपमा बुझाउनुपर्नेछ ।

८.प्रस्ताव स्वीकृत भएका व्यक्ति/फर्मले तालहरुको उचित तवरले संरक्षण गर्नुपर्नेछ ।

९.सम्झौता अवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालना गर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।

१०.तालमा माछापालनको लागि आवश्यक पर्ने पानी,बिजुली तथा अन्य आवश्यक सामाग्रीहरुको व्यवस्था भाडावाला स्वयंले गर्नुपर्नेछ ।

११.प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिन भित्र तोकिएको रकमहरु दाखिला गरि सम्झौता गर्नु पर्नेछ । म्याद भित्र रकम बुझाउन नआई सम्झौता नगरेमा धरौटी जफत गरी अन्यका नाममा न्यूनतम भन्दा क्रमशः बढि कबोल अंक भएका प्रस्तावबालाका नाममा स्विकृत भैजानेछ ।

१२. कुनै पनि शर्त राखेको प्रस्ताव स्वीकृत हुने छैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वतः अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको ।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।

ग) प्रस्ताव साथ नियमानुसार राख्नु पर्ने धरौटी नराखेको ।

१३.प्रस्ताव फारम लिने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **पन्ध्रौं दिन** कार्यालय समय भित्र ।

१४. प्रस्ताव दाखिल गर्नु पर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **सोह्रौं दिन** कार्यालय समयभित्र ।

१५. प्रस्ताव खोलीने मिति र स्थानः- सूचना प्रकाशित भएको मितिले **सत्रौं दिन** कार्यालयमा समय भित्र।

१६.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८. यस सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।